# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १२ मितिः २०८२/०९/२४

भाग — २

## देवघाट गाउँपालिकाको बालश्रम मुक्त घोषणा कार्यविधि, २०८२

# देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको बालश्रम मुक्त घोषणा कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०९/२४

प्रमाणीकरण र प्रकाशन मिति: २०८२/०९/२४

**प्रस्तावनाः**

नेपालको संविधानले कुनै पनि बालबालिकालाई कलकारखना, खानी वा यस्तै अन्य जोखिपूर्ण काममा लगाउन नपाउने, प्रत्यक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण विकासका सथै प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक प्रत्याभूत गरेको छ। प्रत्येक बाल बालिकालाई बाल अनुकुल न्याय तथा जोखिममा रहेका बालबालिकालाई राज्यवाट बिशेष संरक्षण र सुविधा पाउने गरी बालबालिकाको सबैधानिक हकको व्यवस्था समेत गरेको छ। कसैले पनि १८ बर्ष पुरा नगरेका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन नपाउने तथा बालबालिकालाई कानून विपरित हुने गरी काममा लगाउन नपाउने कानूनी व्यवस्था रहेको छ। बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना ( २०७५–२०८५) ले निकृष्ट तथा शोषणयुक्त बालश्रम तथा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने उद्देश्य राखेको छ। नेपालले बालअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरेका प्रतिबद्धताको कार्यान्वयनका लागि गाउँपालिकालाई सभ्य, शिक्षित, विकासशीलता बनाई बालश्रमको अन्त्य गर्दै बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न बान्छनीय भएकोले देवघाट गाउँपालिका बालश्रममुक्त घोषणा कार्यविधि २०८२ स्वीकृत गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र परिभाषाः** (१) यस कार्यविधिको नामः “देवघाट गाउँपालिका बालश्रममुक्त घोषणा कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले देवघाट गाउँपालिकाको सरकारलाई सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले देवघाट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ङ) "बालश्रम" भन्नाले अठार वर्ष उमेर नपुगेका कुनैपनि बालबालिकालाई शारीरिक वा मानसिक रुपमा क्षति पुग्ने गरी बाध्यात्मक रुपमा श्रममा लगाउनु तथा बाल यौन शोषणलाई समेत सम्झनु पर्दछ।

(च) "बालबालिका" भन्नाले १८ बर्ष उमेर नपुगेका बालबालिका सम्झनुपर्दछ र सो शब्दले तेस्रोलिङ्गीलाई समेत जनाउनेछ।

(छ) "बालमैत्री सम्पर्क व्यक्ति" भन्नाले देवघाट गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न जिम्मेवारी तोकिएको कर्मचारीलाई जनाउनेछ।

(ज) "संरक्षक" भन्नाले वावुआमा, एकघरमा बसोवार गर्ने बाजेबज्यै,काका काकी, दाजु भाउजू तथा प्रचलित कानून बमोजिम निजको नजीकको हकवाला नाता पर्ने व्यक्ति वा अभिभावकको भूमिका निर्वाह गर्ने व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद २
## उद्देश्य र लक्षित समूह

**३. उद्देश्यः** देवघाट गाउँपालिकालाई बालश्रम मुक्त घोषणा गर्न यस कार्यविधिले मार्ग प्रशस्त गर्नमा सहयोग पुऱ्याउनेछ।

**४. लक्षित समूहः** बालश्रम (निषेध तथा नियमन गर्ने) ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ।

(क) घरेलु बालश्रम,

(ख) बालभरिया,

(ग) कृषि तथा पशुपालन बालश्रम,

(घ) लागू पदार्थ संकलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,

(ङ) बुनाई बालश्रम,

(च) ईट्टा उद्योगको बालश्रम,

(छ) खानी क्षेत्रका बालश्रम,

(ज) मनोरञ्जन क्षेत्रका बालश्रम (बाल यौन शोषण समेत),

(झ) यातायात क्षेत्रका बालश्रम,

(ञ) जरी तथा बुट्टा भराइमा संलग्न बालश्रम,

(ट) छिमेकी देशमा पुऱ्याइएका बालश्रम,

(ठ) यान्त्रिक वा रसायन क्षेत्रमा काम गर्ने बालश्रम,

(ड) सडक व्यपारमा संलग्न बालश्रम,

(ढ) जडिबुटी संकलनमा संलग्न बालश्रम,

(ण) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम,

(त) होटेल रेष्टुराका बालश्रम,

(थ) गाउँपालिकाले तोकेको अन्य,

## परिच्छेद ३
## बालश्रम मुक्त घोषणाका सुचकहरु

**५. सूचकहरुः** बालश्रम मुक्त देवघाट गाउँपालिका घोषणाका लागि देहाय बमोजिमका सूचकहरु न्यूनतम मापदण्डको रुपमा रहनेछनः (१) अध्यावधिक तथ्याँक र अभिलेखीकरणः

(क) देवघाट गाउँपालिकामा जन्मिएका बालबालिकाको जन्मदर्ता विवरण।

(ख) बालश्रम सर्वेक्षण गरेको हुनुपर्ने।

(ग) गाउँपालिकामा रहेका बालश्रमसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु ( स्थानीय प्रहरी प्रशासन, बिद्यालय, बालविज्ञ, बालश्रम बिरुद्ध काम गर्ने गैर सरकारी संस्था, बाल समूह/क्लव/संजाल) को सूचीकरण एंव नक्साङ्कन गरेको।

(घ) बालश्रम हुन सक्ने सम्भावित क्षेत्रहरुवाट बालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र,

(२) देवघाट गाउँपालिकामा बालश्रम निवारणका लागि छुट्टै नीति समावेश भएको हुनु पर्नेछ।

(३) देवघाट गाउँपालिकाले बालश्रम निवारण सम्बन्धी देहाय बमोजिमको कार्यक्रम अनिवार्य सञ्चालन गरेको हुनु पर्नेछः

(क) बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श सम्बन्धी कार्यक्रमहरु,

(ख) बालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम,

(ग) पढाई नियमित नभएका (१५ देखि १८ बर्ष सम्मका) बालबालिकाका लागि सीपमुलक कार्यक्रम,

(घ) बालश्रम बिरुद्ध सक्रिय संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम,

(ङ) सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम,

(च) बालश्रम सम्बन्धमा निरन्तर अनुगमन तथा बालश्रमा रहेका वा बालश्रम गर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनर्स्थापना तथा सम्बन्धी कार्यक्रम,

(छ) बालश्रमिकको शैक्षिक विकास कार्यक्रम,

(४) बालश्रम निवारण सम्बन्धी उपनियम (३) बमोजिमको कार्यक्रम संचालन गर्न गाउँपालिकाले आवश्यक बजेटको व्यवस्था गर्ने छ।

(५) संस्थागत व्यवस्थाः

(क) बालबालिकाको क्षेत्र हेर्ने स्थानीय बालअधिकार समिति, गाउँपालिका स्तरीय बाल सञ्जाल र कर्मचारीको रुपमा बालअधिकार अधिकृत एवं बालमैत्री सम्पर्क व्यक्ति तथा बाल हेल्पडेक्सको स्थापना गरी कर्मचारीको व्यवस्था भएको,

(ख) वडास्तरीय बाल अधिकार समिति, बाल समूह/सञ्जाल गठन भई क्रियाशील भएको र बाल सहजकर्ता सम्पर्क व्यक्तिको व्यवस्था भएको,

(ग) बालमैत्री स्थानीय शासन समिति (गाउँ तथा वडामा) गठन भएको,

(घ) बालकोषको स्थापना र संचालन भएको,

(ङ) बालश्रम अनुगमन तथा कार्वाहीको लागि संयन्त्र भएको,

(च) उद्धार गरिएका बालबालिकाको हेरचाह गर्ने व्यवस्था भएको,

(६) शैक्षिक अवस्थाः

(क) बिद्यालय जाने उमेरका बालबालिकाको बिद्यालय भर्नादर कम्तीमा ९५ प्रतिशत भएको,

(ख) बिद्यालय छाड्ने दर घटदो हुनु पर्ने,

(ग) बिद्यालयमा बालबालिकाको नियमित शिक्षाका लागि विद्यालय तथा समुदाय स्तरमा अभिभावक शिक्षा (Parenting Education) कार्यक्रम संचालन भएको,

(७) सहयोग, समन्वय तथा सहकार्यको व्यवस्थाः

(क) देवघाट गाउँपालिकाको सरोकारवाला निकाय, विद्यालय, रोजगारदाता, ठेकेदार, श्रमिक संगठन, नागरिक समाज, गैर सरकारी संघसंस्था समन्वय गरी बालश्रम निवारणका लागि समन्वय तथा सहकार्य भएको,

(ख) देवघाट गाउँपालिकाले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरुमा सूचना आदान प्रदान, कार्यक्रम संचालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको,

(ग) स्थानीय बालअधिकार समितिको बालश्रम निवारण सम्बन्धी ठोस योजना तथा कार्यान्वयन गर्न सहकार्य भएको।

## परिच्छेद ४

## बालश्रम सर्वेक्षण तथा प्रस्ताव मूल्याङ्कन सम्बन्धमा

**६. सर्वेक्षणः** (१) बालश्रम मुक्त गाउँपालिका घोषणा गर्नको लागि अनुसूची-१ वमोजिम सर्वेक्षण गरेको हुनुपर्ने।

(२) उपदफा १ वमोजिमको सर्वेक्षण गाउँपालिका आफैले वा साझेदारी निकायको सहायतामा गर्न सक्नेछ।

(३) गाउँपालिकाले प्रदेश सरकार एवं संघीय सरकारसंग समन्वय गरी सर्वेक्षणका लागि आवश्यक सहयोग लिन सक्नेछ।

**७. प्रस्ताव पेश गर्नुपर्नेः** बालश्रम मुक्त गाउँपालिका घोषणा कार्यक्रम संचालनको लागि सर्वेक्षण अनुसारको विवरण अनुसूची-२ वमोजिम सम्बन्धित मन्त्रालयमा प्रस्ताव गरेको र मन्त्रालयवाट मुल्याँकन भई सो प्रस्ताव स्वीकृत भएको हुनु पर्नेछ।

**८. प्रस्ताव मूल्याकनको आधारः** गाउँपालिकाले बालश्रम मुक्त गाउँपालिका घोषणाका लागि प्रस्ताव पेश गर्नुपर्नेछ ।

(क) गाउँपालिकाबाट बालश्रम न्यूनीकरणमा छुट्याइएको बजेट,

(ख) बालश्रम न्यूनीकरणमा गाउँपालिकाले गरेको कामको विवरण,

(ग) बालश्रम न्यूनीकरणका लागि कोषको व्यवस्था ।

**परिच्छेद ५**

**अनुगमन समितिको गठन काम कर्तव्य अधिकार**

**(९) अनुगमन तथा मूल्याङ्कन समितिः** (१)स्थानीय स्तरमा बालश्रम मुक्त गाउँपालिका घोषणा सम्बन्धी कार्यक्रम तर्जुमा ,सञ्चालन र कार्यान्वयन गर्न देहाय वमोजिमको अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।अनुगमन तथा मूल्याङ्कन समितिमा देहाय बमोजिमको रहनेछ ।

क) गा.पा उपाध्यक्ष - संयोजक

ख) सामाजिक विकास समिति संयोजक - सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) स्थानीय प्रहरी प्रतिनिधि –सदस्य

ङ) बालश्रमको क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाको प्रतिनिधि -सदस्य

च) पालिका स्तरीय बाल संजालको प्रतिनिधि -सदस्य

छ) बाल कल्याण अधिकारी /अधिकृत वा बालमैत्री सम्पर्क व्यक्ति -सदस्य सचिव

(२) समितिको बैठक तथा अनुगमन खर्च गाउँपालिकाले तोके अनुसार हुनेछ।

**(११) अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः** बालश्रम मुक्त गाउँपालिका घोषणा सम्बन्धी कार्यक्रमको अनुगमन मूल्याङकन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालश्रम नयूनीकरण सम्बन्धी योजना निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) तथ्याङ्क संकलन तथा व्यवस्थापन गर्ने,

(ग) बालश्रमको अनुगमन गर्ने,

(घ) सरोकारवालाहरुको संमन्वयमा बालश्रम न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने र गर्न लगाउने,

(ङ) श्रमिक बालबालिकालाई संरक्षणका लागि अभिभावकलाई रोजगार सँग जोडने व्यवस्था मिलाउने,

(च) श्रमिक बालबालिकालाई शिक्षा सँग जोडने,

(छ) कार्यक्रमलाई प्रदेश तथा संघीय सरकार एव सरोकारवाला संघ संस्थाहरु संग समन्वय गर्ने,

(ज) बालश्रम मुक्त वडा/पालिका घोषणा गर्न आवश्यक कार्यहरु गर्ने,

(झ) बालश्रम मुक्त गाउँपालिकाको निरन्तर टिकाई राख्न गाउँ कार्यपालिका संग समन्वय सहकार्य एंव आवश्यक बजेटका लागि पहल गर्ने,

(ञ) वडा स्तरीय बालबालिका संग सम्बन्धित संरचनालाई क्रियाशील बनाई राख्न निर्देशन दिने।

## परिच्छेद ६
## घोषणा प्रकृया

**१२**. गाउँपालिकाको वडा समितिले परिच्छेद ३ बमोजिमको सूचकहरु पूरा गरी वडास्तरीय बाल अधिकार समिति एवं वडा बाल सञ्जालले बालश्रम मुक्त वडा घोषणाको निर्णय सहित सिफारिस गर्नेछ।

**१३.** निर्णय र सिफारिस सहितको निवेदन वडावाट प्राप्त भए पश्चात स्थानीय बालश्रम न्यूनीकरण समन्वय तथा अनुगमन समितिले अनुगमन गर्नेछ।

**१४.** अनुगमन समितिले अनुगमन गरी अध्यक्ष समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

**१५.** स्थानीय अनुगमन समितिको प्रतिवेदनको आधारमा कार्यपालिका बैठकबाट बालश्रम मुक्त वडा घोषणा गर्न स्वीकृति दिनेछ।

**१६**.(१) गाउँपालिकाको सबै वडा बालश्रममुक्त घोषणा भई सके पछि परिच्छेद ३ मा उल्लेखित सुचकको आधारमा कार्यपालिकाको प्रस्तावमा गाउँसभाले बालश्रममुक्त स्थानीय तह घोषणा गर्नेछ।

(२) बालश्रममुक्त गाउँपालिकालाई निरन्तर टिकाई राख्न र निरन्तर कार्यान्वयनका लागि घोषणा पश्चायतको रणनीतिक योजना र बालकोषमा रकम थप गर्दे निरन्तर कार्यान्वयन गर्नु पर्नेछ।

## परिच्छेद ७
## विविध

**१७**. बालश्रम मुक्त कार्यक्रम संचालन एवं श्रमिक बालबालिकालाई निरन्तर शिक्षा तथा संरक्षणका लागि बार्षिक रुपमा आबश्यक रकम विनियोजन गरिनेछ र सोही रकम र प्राप्त अन्य रकम एवं गैर सरकारी संघ संस्था समेतको सहकार्यमा कानूनको परिधि भित्र रही आवश्यक योजना अनुरुप बालश्रम न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रममा प्रचलित कानूनको अधिनमा रही खर्च गर्न सकिने छ।

**१८.** कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः कार्यविधि परिमार्जका लागि आवश्यक परेमा गाउँ कार्यपालिकाले संशोसधन गरी थपघट गर्न सकिनेछ।

# अनुसुची १
## (दफा ६ को उपदफा (१) को सँग सम्बन्धित)
## बालश्रम मुक्त स्थानीय तहका लागि घरधुरी सर्वेक्षण

स्थानीय तहको नामः

१. जानकारी

क. वडा नं ख. घर नं

ग. परिवार सदस्य संख्या घ.५ देखि १८ वर्ष सम्मका बालबलिकाको संख्या

२. पारिवारिक जानकारी

क. पारिवारिक विवरण

| सि.न | परिवारको सदस्यको नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक स्थिति |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ख. ५ वर्ष भन्दा माथिका पारिवारक सदस्यको शिक्षाको अवस्था

| | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|
| प्रश्न | कुनै भाषामा पढ्न र लेख सक्नुहुन्छ ?<br>१. सक्छु<br>२. सक्दिन | यस वर्ष कुनै विद्यालय वा प्रारम्भिक विद्यालय जानुभएको छ?<br>१. छु<br>२. छैन | कहिले विश्वद्यालय जानु भएको छ ?<br>१. छु<br>२. छैन | विद्यालय नजानुको कारण ? | कति कक्षासम्म पढ्नु भएको छ ?<br>१. छु<br>२. छैन |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

ग. आर्थिक अवस्था

| | ६ | ७ | ८ | ९ | १० | | ११ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र कम्तिमा १ घण्टा कुनै रोजगार वा काममा संलग्न हुनुहुन्थ्यो ? | एक हप्ताको भित्र कुनै निम्न लिखित काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>● व्यवसायमा तलब/ज्याला आउने काममा तलब/ज्याला आउने घरेलु काममा<br>● तलब/ज्याला नलिइ घरेलु काममा सहयोग<br>● आफ्नै घरको प्लट वा फार्ममा सहयोग<br>● आफ्नै घर, प्लट वा व्यवसायको निर्माण वा मर्मत सम्भार सम्बन्धी कार्य | एक हप्ता भित्र कुनै काम वा व्यवसायमा संलग्न नभएतापनि कुनै काम वा व्यवसायमा फर्कन चाहनुहुन्छ ? | कस्तो प्रकारको काम वा व्यवसायमा संलग्न हुनुहुन्थ्यो ?<br>१ रोजगारदाता<br>२ श्रमिक<br>३ स्वरोजगार<br>४पारिवारिक काम<br>५ अन्य | मुख्य कामबाट मासिक पारिश्रमिक | | अन्य सुविधा सञ्चयकोष विमा बिरामी बिदा |
| | | | | | आधारभूत पारिश्रमिक | महंगी भत्ता | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

| | १२ | १३ | १४ | १५ | | १६ | | १७ | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न | एक हप्ता भित्र मुख्य पेशा बा व्यवसाय बाहेक अन्य कुनै काम गर्नुभयो ?<br>१. गरे<br>२. गरिन | गएको हप्ताको प्रत्येक दिनहरूमा जम्मा कति घण्टा काम गर्नुभयो? | पहिलो पटक कति वर्षको हुँदा काम का व्यवसाय सुरुवात गर्नुभयो ? | बेरोजगारी सम्बन्धी प्रत्र | | घरायसी कार्य बालबालिका ५-१७ वर्षकालाइ मात्र। | | काम गर्ने बालक/बालिकाको बारेमा अभिभावक वा संरक्षकको धारणा वा बुझाइ | |
| | | | | गएको हप्ता कुनै कामको खोजीमा हुनुहुन्थ्यो ?<br>१. थिए<br>२. थिइन | कति समयदेखि कामको खोजीमा हुनुहुन्छ ? | बितेको हप्तामध्ये कुनै घरायसी कार्य गर्नुभयो ?<br>१. गरे<br>२. गरिन | बितेको हप्ता कति घण्टा घरायसी काममा संलग्न हुनुभयो ? | बालवालिकाले कामबाट समस्या भोगेको छ<br>१.छ २. छैन | बालक/बालिकालाइ काम गर्न दिनु वा काममा लगाउनुको मुख्य कारण के हो |
| | | | | | | | | | |

घरायसी कार्य किनमेल, घरायसी सामान मर्मत, खाना पकाउने, भाडा वर्तन माझ्ने, लुगा धुने, बालबालिका, बिरामी तथा बृद्ध वृद्धाको हेरचाह सम्बन्धी कार्य, अन्य घरायसी कार्य।

| **घ. घरायसी र घरघुरी विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ |
| तपाइको घर कस्तो प्रकारको घर हो<br>१. अपार्टमेन्ट/<br>२. निजी घर<br>३.निजी घरको भाग<br>४.मोबाइल घर टेन्ट/क्याराभान<br>५.बस्ने उद्देश्यका लागि नबनाइएको आश्रय स्थल<br>६. झुपडी घर<br>७. अन्य | घरको स्वामित्व<br>१.परिवारको सदस्यको नाममा भएको<br>२.साझा घर<br>३.निशुल्क रुपमा बनाएको<br>४.रोजगारदाताको<br>५. भाडामा<br>६. अन्य | उर्जाको मुख्य श्रोत?<br>१.दाउरा<br>२. कोइला<br>३. मट्टीतेल<br>४. ग्यास<br>५. विद्युत<br>६.सौर्य उर्जा<br>७. अन्य | खानेपानीको मुख्य श्रोत?<br>१.घरभित्रै पाईपवाट<br>२.घर बाहिर पाईपवाट<br>३.ट्याङ्कर<br>४.नदी/खोला<br>५.इनार/ट्यूववेल<br>६.कुवा<br>७. पोखरी<br>८.आकासे पानी | तपाइको परिवार को सदस्यको कसैको नाममा जग्गा छ ?<br>१.छ<br>२.छैन | तपाइको परिवार को नाममा भएको जग्गाको क्षेत्रफल कति छ ? | परिवारको कुनै बच्चालाई परिवारको कसैको नाममा भएको ऋण तिर्नको लागि विद्यालय छोड्न लगाउनु भएको छ? या लगाउदै हुनुहुन्छ? | तपाइको परिवारको मासिक औषत खर्च कति रहेको छ ? | तपाइको परिवारको आम्दानीको मुख्य श्रोत के हो ? | तपाइको परिवारको मासिक औषत आम्दानी कति रहेको ? |
| | | | | | | | | | |

ङ. ५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| | २८ | २९ | ३० | ३१ | ३२ | ३३ | ३४ |
|---|---|---|---|---|---|---|---|
| प्रश्न | के तपाइ जुन कुनै भाषामा पढ्न लेख सक्नुहुन्छ?<br>१.सक्छु<br>२.सक्दिन | के तपाइ यो वर्षमा विद्यालय वा पूर्व प्राथमिक विद्यालय जानुभएको छ? | तपाइको अध्ययनको तह कुन हो ?<br>१. पूर्व प्राथमिक<br>२. प्राथमिक<br>३. माध्यामिक<br>४. उच्च माध्यामिक | तपाइले प्राथमिक कक्षा कति वर्षको उमेरमा शुरु गर्नु भयो? | गएको हप्तामा तपाइले कुनै दिन विद्यालय छोड्नुभएको छ?<br>१.छ<br>२.छैन | छोड्नुभएको हो भने विद्यालय छोड्नुको कारण के थियो ?<br>१. विद्यालय बिदा भएर<br>२. शिक्षक अनुपस्थित भएर<br>३. खराब मौसमको कारण<br>४. पारिवारिक व्यवसायलाइ सहयोग गर्न परेर<br>५.घरायसी काममा सहयोग गर्न परेर<br>६. पारिवारिक व्यवसायका कारण<br>घर बाहिर काम गर्न परेर<br>७. विरामी वा अशक्तताका कारण<br>८ अन्य | कहिल्यै विद्यालय जानुभएको छैन भने नजानुको कारण के हो ?<br>१. कम उमेर भएर,<br>२. अशक्त/विरामी भएर<br>३. विद्यालय छैन/टाढा भएर<br>४. विद्यालय शुल्क तिर्न नसकेर<br>५. परिवारले पढ्न अवरोध गरेर<br>६. विद्यालयमा रुचि नभएर<br>७. शिक्षालाइ महत्वपूर्ण नठानेर<br>८. विद्यालय सुरक्षित नभएर<br>९. काम सिक्न परेर<br>१०. पैसाको लागि काम गर्न परेर<br>११. पारिवारिक व्यवसायमा ज्याला नलिने<br>कामदारको रुपमा काम गर्न परेर<br>१२. घरायसी काममा सहयोग गर्न परेर<br>१३. अन्य |
| १ | | | | | | | |
| २ | | | | | | | |

५-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| ३५ | ३६ | ३७ | ३८ | ३९ |
|---|---|---|---|---|
| तपाईले विद्यालय बाहिर कहिल्यै व्यवसायिक तालिम लिनु भएको छ ? | सो तालिमको प्रमाणपत्र प्राप्त गर्नु भएको छ ? | कुन विषयमा तालिम लिनु भएको थियो ? | एक हप्ता भित्र कुनै काममा कम्तिमा १ घण्टा संलग्न हुनुहुन्थ्यो? | यी मध्ये कुन काम गत हप्ता १ घण्टा गर्नुभएको थियो?<br>क. कुनै व्यवसाय संचालन आफै वा सहकार्यमा<br>ख. पारिश्रमिक वा तलव वा पैसाको लागि कुनै काम<br>ग. घरेलु बालश्रम<br>घ. घरायसी व्यवसायलाई सघाउने काम<br>ङ. आफ्नै घरको लागि कुनै कृषि, खाद्य,पशुपालन रेखदेख जस्ता काम<br>च. निर्माण र मर्मत सम्बन्धी आफ्नै घरमा काम<br>छ. घरको खानाका लागि माछा समात्ने काम<br>ज. पानी लिन जाने<br>झ. घाँस दाउरा लिन जाने<br>ञ. घरायसी प्रयोगको लागि कुनै बस्तु उत्पादन<br>ट. अन्य कुनै काम ..................................वा व्यवसाय |
| | | | | |
| | | | | |
| | | | | |

१४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न

| ४० | ४१ | ४२ | ४३ | ४४ | ४५ | ४६ | ४७ | ४८ | ४९ |
|---|---|---|---|---|---|---|---|---|---|
| गत हप्तामा मुख्य काम बाहेक अन्य कुनै काम गर्नुभएको थियो ? | गत हप्ता कति समय काम गर्नुभएको थियो ? | गत हप्ताको कुनै दिन बढिमा कति समय काम गर्नुभएको थियो ? | मुख्य काम कहाँ गर्नुहुन्थ्यो ? | मुख्य कामका लागि तपाई के हुनुहुन्थ्यो ? क.रोजगारदाता ख.आफ्नै खाता भई काम गर्ने ग. पारिवारिक काम | बेलुकी ६ बजे देखि बिहान ६ बजेसम्म काम गर्नुभयो ? | चिकित्सकवाट योग्यताको प्रमाणपत्र लिनु भएको थियो ? | पारिश्रमिक भुक्तानीको तरिका ? क पिस रेट ख घण्टा ग दैनिक ड मासिक च कार्यगत छ अन्य | मुख्य काममा सरदर मासिक पारिश्रमिक ? | सञ्चय कोप, उपदान लगायत अन्य विदाहरु पाउनुभएको |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

च. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (१४-१७ वर्षका प्रत्येक बालबालिकालाई सोध्ने प्रश्न)

| ५० | ५१ | ५२ | ५३ | ५४ | ५५ |
|---|---|---|---|---|---|
| जोखिमपूर्ण व्यवसाय वा काममा संलग्न हुनुहुन्थ्यो ? | काममा कुनै घाउ चोटपटक लागेको थियो? | कुनै भारी बस्तु उठाउनु परेको थियो ? | कुनै मेसिन औजार चलाउनु परेको थियो? | निम्न कार्य वातावरणमा काम गर्नुपरेको थियो ?<br>क. धूवाँ धुलो<br>ख आगो, ग्याँस र ताप<br>ग. ठूलो आवाज<br>घ. खतरानाक औजार<br>ङ. जमिनमुनी<br>च. उचाइमा<br>छ. पानी पोखरी तलाउमा<br>ज. अँधेरो र सानो कोचिएको ठाँउमा<br>झ. भेन्टिलेसन प्रयाप्त नभएको ठाँउमा<br>ञ. केमिकल भएको ठाँउ<br>ट. विष्पोटक पदार्थ भएको<br>ठ. अन्य | |
| | | | | | |

**अनुसुची २**

**दफा ७ सँग सम्बन्धित**

**बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि प्रस्ताव**

स्थानीय तहको नाम :

स्थानीय तहको ठेगाना:

बालश्रम निवारण सम्बद्ध कार्यक्रमका लागि विनियोजन भएको बजेट :

| क्र.सं | क्रियाकलाप (कार्यविधीको सूचक सँग सम्बन्धित) | भएको/नभएको | नभएको भए | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सम्पन्न गर्न लाग्ने समयावधि | अनुमानित लागत | सहयोगी निकाय | |
| १ | सबै बालबालिकाको जन्मदर्ता (१क) | | | | | |
| २ | सरोकारवालाको सूचीकरण र नक्साङ्कन (१ग) | | | | | |
| ३ | बालश्रम हुनसक्ने क्षेत्र वाट वालश्रम प्रयोग नगर्ने प्रतिवद्धता पत्र (१घ) | | | | | |
| ४ | बालश्रम निवारणको छुट्टै नीति (२) | | | | | |
| ५ | बालश्रम निवारण सम्बन्धी चेतनामूलक र मनोपरामर्श कार्यक्रम (३क) | | | | | |
| ६ | वालश्रमिक सम्बद्ध परिवारका लागि वैकल्पिक आय | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आर्जनका कार्यक्रम (३ख) | | | | | |
| ७ | बालश्रमिकका लागि सीपमूलक कार्यक्रम (३ग) | | | | | |
| ८ | सक्रिय संघ संस्था तथा व्यवसायीलाइ प्रोत्साहन तथा सम्मान कार्यक्रम (३घ) | | | | | |
| ९ | सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम (३ङ) | | | | | |
| १० | उद्धार पुनर्स्थापना पुनर्मिलन सम्बन्धी कार्यक्रम (३च) | | | | | |
| ११ | शैक्षिक विकास सम्बन्धी कार्यक्रम (३छ) | | | | | |
| १२ | बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन (४) | | | | | |
| १३ | बालबालिकाको क्षेत्र हेर्ने गरी कर्मचारी वा शाखाको व्यवस्था (५क) | | | | | |
| १४ | बालक्लब र अन्य सञ्जालको विकास (५ख) | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | बालअधिकार समितिको व्यवस्था (५ग) | | | | | |
| १६ | बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र (५घ) | | | | | |
| १७ | बालकल्याण गृह वा अन्य कुनै हेरचाह गर्ने संस्थाको व्यवस्था (५ङ) | | | | | |
| १८ | विद्यालय भर्ना दर ९५ प्रतिशत भएको नभएको (६क) | | | | | |
| १९ | विद्यालय छोड्ने दर घट्दो भएको नभएको (६ख) | | | | | |
| २० | सहयोग, समन्वय र सहकार्यको अवस्था भएको नभएको (७) | | | | | |
| बालश्रम मुक्त हुन लाग्ने जम्मा समयावधि :<br>बालश्रममुक्त स्थानीय तह घोषणाका लागि लाग्ने जम्मा बजेटः | | | | | | |

प्रस्ताव तयार गर्नेको
नाम थर:
दर्जा :
हस्ताक्षर

स्थानीय तहको
प्रमुख प्रशासकीय अधिकृतको नाम थर:
हस्ताक्षर :

आज्ञाले
राजिव पन्थी
प्रमुख प्रशासकीय अधिकृत